प्रदेश प्रमुख

नेपाल सरकार
प्रदेश प्रमुखको कार्यालय
गण्डकी प्रदेश, पोखरा

गण्डकी प्रदेश
पोखरा नेपाल
फोन नं. ०६१-५७०८८३

## पैगम्बर मुहम्मद जन्मजयन्तीको शुभकामना सन्देश

इस्लाम धर्मका अन्तिम ईशदूत (पैगम्बर) हजरत मुहम्मद (सल्ल.) को १५०१ औं (१२ रब्बी-उल-अब्वल) को अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण मुस्लिम समुदायका दिदीबहिनी तथा दाजुभाइहरूमा सुख, शान्ति तथा समृद्धिको लागि हार्दिक शुभकामना व्यक्त गर्दछु ।

इस्लाम धर्मावलम्बीहरूले यस अवसरमा कुरान पाठ गर्ने, नमाज पढ्ने, प्रार्थना गर्ने लगायतका धार्मिक अनुष्ठान गरी मुहम्मद जयन्ती मनाउने गर्दछन् । यसले आत्मशुद्धि, संयम र आध्यात्मिक अनुशासनको अभ्यासमा सघाउन पुग्नेछ । हजरत मुहम्मदको उपदेशहरू सत्य, करुणा, क्षमा, धैर्य र सेवाभावलाई आत्मसात् गर्न यो जयन्तीले हामीलाई अभिप्रेरित गर्दछ । जीवनमा सत्य बोल्ने, इमान्दारीपूर्वक आचरण गर्ने, अरुको पीडामा साथ दिने, गल्तीमा क्षमा गर्ने र सहिष्णु बन्नुपर्ने सन्देश पनि दिन्छ ।

मुहम्मद जयन्तीले सबै नेपालीलाई मेलमिलाप, सहिष्णुता, सामाजिक सद्भाव र आपसी सौहार्दपूर्ण सम्बन्ध विकसित गरी सबै किसिमका मतभेदहरूलाई आपसी समन्वयबाट निराकरण गर्न सकोस् भन्ने कामना गर्दछु । साथै, हामीलाई करूणा र मानवताप्रति समर्पित रहन तथा धार्मिक सद्भावलाई बलियो बनाउन सकोस् ।

अन्त्यमा, हजरत मुहम्मदको जीवन दर्शन र उपदेशले मानव जीतलाई शान्ति, भातृत्व र न्यायको मूल्यमान्यतामा आधारित समाजको निर्माण गर्न प्रोत्साहित गर्न सकोस् भन्दै पुन: शुभकामना व्यक्त गर्दछु ।

२०८३ भदौ १० गते, बुधबार ।
ने.सं. ११४६ गुलाथ्व त्रयोदशी-१३ ।

डिल्लीराज भट्ट
प्रदेश प्रमुख

प्रदेश प्रमुख